२०२० डिसेम्बर १ तारिख
अध्यागमन बिभाग

कोरोनाको कारणले देश फ़र्कन नसकी जापानमा खर्च धान्न नसकेकोले पार्ट-टाइम काम गर्न चाहनेहरुको लागि

कोरोनाको महामारीका बीच आफ़्नो देश फ़र्कन नसकी जापानमा खर्च धान्न मुस्किल परेका बिदेशीहरुको लागि हप्तामा अधिकतम २८ घण्टा पार्ट-टाइम काम गर्न सकिने ब्यवस्था गरिएको छ ।

पार्ट-टाइम काम गर्न चाहने र तल उल्लेखित २ नम्बरको प्रावधानमा पर्ने ब्यक्तिले स्थानिय अध्यागमन बिभागमा योग्यता बाहेकको कृयाकलाप अनुमतिको निबेदन दिनुहोला ।

१ योग्यता बाहेकको कृयाकलाप अनुमति निबेदन (बिस्तृत बिवरणको लागि यहां हेर्नुहोस)

२ प्रावधान
(१) हाल लिनु भएको भिसाले काम गर्न नसकेको
(२) देश फ़र्कन मुस्किल भएको
(३) जापानमा रहेका परिवार वा आवद्ध निकायबाट सहयोग पाउने सम्भावना नभएको आदि कारणले देश फ़र्कने समयसम्मको लागि खर्च धान्न मुस्किल परेको

३ बुझाउनु पर्ने कागजात
(१) योग्यता बाहेकको कृयाकलाप अनुमतिको निबेदन
(२) देश फ़र्कन मुस्किल परेको बारेमा उपयुक्त कारण खुल्ने कागजात (हालसालै भिसा परिवर्तन अनुमतिको निबेदन आदिमा बुझाएको भएमा फ़ेरी बुझाउनु अवश्यक छैन)
(३) कारण खुलाउने कागजात (नमुनाको लागि यहां हेर्नुहोस)